# २०८० चैत २२ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

| क्र.सं. | मन्त्रालय | निर्णयको सङ्क्षिप्त व्यहोरा |
|---|---|---|
| १ | अर्थ मन्त्रालय | सङ्घीय संसद सचिवालयमा दर्ता भएको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक फिर्ता लिन स्वीकृति प्रदान गर्ने। |
| २ | अर्थ मन्त्रालय | Resilient High Value Agricultural Programme कार्यान्वयनको लागि अन्तर्राष्ट्रिय कृषि विकास कोष (IFAD) बाट ७०.९३ मिलियन अमेरिकी डलर (करिब ९ अर्ब ४५ करोड रुपैंया बराबर) को सहुलियतपूर्ण ऋण सहायता प्राप्त गर्नेसम्बन्धी दस्तावेजलाई अन्तिम रूप दिन नेपाल सरकारको तर्फबाट अर्थ मन्त्रालयका सहसचिवको नेतृत्वमा वार्ता टोली गठन गर्ने। |
| ३ | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | श्रम अदालतको मुकाम काठमाडौँमा रहने गरी तोकिएकोमा सोको सट्टा श्रम अदालतको मुकाम काठमाडौं उपत्यकामा रहने गरी तोक्ने। |
| ४ | गृह मन्त्रालय | नेपाल प्रहरीका केन्द्रीय अनुसन्धान ब्युरो र केनाइन कार्यालयमा सो पदमा कार्यरत पदाधिकारी/व्यक्तिको कार्यकाल समाप्त भएपछि स्वतः खारेज हुने गरी प्राविधिक प्रहरी समूह तर्फको प्रहरी नायव महानिरीक्षक विशेष पद सङ्ख्या-२ सिर्जना गर्ने। |
| ५ | परराष्ट्र मन्त्रालय | संयुक्त राज्य अमेरिकाको सान डिएगो, क्यालिफोर्नियाका लागि अवैतनिक नेपाली महावाणिज्यदूत श्री ऋषि पुनाखर ढकाल र जर्मनीको नर्थ राइन, वेष्टफालिया ब्रेमेन र लोअर स्याक्सोनी क्षेत्रका लागि अवैतनिक महावाणिज्यदूत श्री राम प्रताप थापाको पदावधि थप गर्ने। |
| ६ | वन तथा वातावरण मन्त्रालय | नारायण नगपालिका दैलेखलाई फोहोरमैला सङ्कलन,व्यवस्थापन तथा प्रशोधन केन्द्र निर्माणको राष्ट्रिय वनको ३ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने। |
| ७ | वन तथा वातावरण मन्त्रालय | मनहरी गाउँपालिका, मकवानपुरलाई मनहरी गाउँपालिकाको प्रशासकीय भवन निर्माणको लागि राष्ट्रिय वनको ०.२ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने। |
| ८ | वन तथा वातावरण मन्त्रालय | नेपाल वन सेवा, फरेष्ट रिसर्च समूह, रा.प.प्रथम श्रेणीका सहसचिव श्री सावित्री अर्यालले दिनुभएको राजीनामा स्वीकृत गर्ने। |
| ९ | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | छायाँनाथ रारा नगरापलिका मुगु, आदर्श गाउँपालिका डोटी, बाह्रबिसे नगरपालिका सिन्धुपालचोक, गुठीचौर गाँउपालिका जुम्ला, परोहा |

| | | |
|---|---|---|
| | | नगरपालिका रौतहट र पुनर्वास नगरपालिका कञ्चनपुर लगायतका ६ स्थानीय तहलाई विभिन्न परियोजना सञ्चालन गर्नको लागि जग्गा प्राप्त गर्न स्वीकृति प्रदान गर्ने। |
| १० | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान पूर्वाधार तयारी विकास समितिको अध्यक्ष पदमा सप्तरी निवासी प्रा. डा. पशुपति चौधरी र सदस्य पदमा सिराहा निवासी डा. विरेन्द्र प्रसाद यादवलाई नियुक्त गर्ने। |
| ११ | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको सदस्य पदमा झापा निवासी डा. ज्ञानेन्द्रमान सिंह कार्कीलाई मनोनयन गर्ने। |
| १२ | नेपाल खानेपानी संस्थापन कर्मचारी सेवा शर्तसम्बन्धी विनियमावली, २०८० सम्बन्धित मन्त्रालयमा फिर्ता गर्ने। | |
| १३ | ठुला आयोजना कार्यान्वयन अनुगमन तथा सहजीकरण निर्देशिका, २०८० स्वीकृत गर्ने। | |
| १४ | नेपाल सरकार र अन्य मुलुकबिच गरिने द्विपक्षीय लगानी सम्झौता (Bilateral Investment Agreement/BIA) को नमुना ढाँचा (Model Text) स्वीकृत गर्ने। | |
| १५ | राष्ट्रिय तथ्याङ्क कार्यालयका सचिव श्री तोयम रायाले सचिव पदबाट दिनुभएको राजीनामा स्वीकृत गर्ने। | |